निर्वाचन आयोग
# जिल्ला निर्वाचन कार्यालय, गोरखा

प.सं. : ०७८/०७९

च.नं. : ................

निर्वाचन आयोग जिल्ला निर्वाचन कार्यालय गोरखा २०६१

मितिः २०७९।०२।१४

## स्थानीय तह निर्वाचन, २०७९ मा उम्मेदवारी दिएका उम्मेदवारहरुले निर्वाचन खर्च विवरण बुझाउने सम्बन्धी सूचना ।।।

प्रस्तुत विषयमा स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४(४) तथा स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० मा स्थानीय तह सदस्य निर्वाचनका प्रत्येक उम्मेदवार वा प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचन प्रयोजनको लागि खर्च गरेको खर्चको विवरण अनुसूची ३० बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिनभित्र सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा बुझाउनुपर्ने कानूनी व्यवस्था रहेको छ । सोही अनुसार स्थानीय तह सदस्य निर्वाचन २०७९ मा यस जिल्ला अन्तर्गतका स्थानीय तहका विभिन्न पदमा उम्मेदवार बन्नु भएका उम्मेदवारहरुलाई आफुले गरेको निर्वाचन खर्चको विवरण स्थानीय तह निर्वाचन नियमावली २०७३ को अनुसूची ३० बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको मितिले ३० दिनभित्र अर्थात् तपशिल बमोजिमको मिति भित्र यस जिल्ला निर्वाचन कार्यालय गोरखामा बुझाउनुहुन सूचित गरिन्छ । अन्यथा कानून बमोजिम हुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

तपशिलः

| क्र.सं. | पालिकाको नाम | अन्तिम परिणाम घोषणा भएको मिति | खर्च विवरण पेश गर्ने अन्तिम मिति | कैफियत |
|---|---|---|---|---|
| १ | अजिरकोट गा.पा. | २०७९/०२/०१ | २०७९/०२/३१ | साथै पछिल्लो पटक गाउँ/नगर कार्यपालिकामा कार्यपालिका सदस्यमा दलित वा अल्पसंख्यक पदमा उम्मेदवारी दिनुभएका उम्मेदवारले समेत सो पालिकाको सो पदको अन्तिम परिणाम घोषणा भएको मितिले ३० (तीस) दिन भित्र अनुसूची ३० बमोजिमको ढाँचामा यस कार्यालयमा निर्वाचन खर्च विवरण बुझाउनुहुन अनुरोध छ। |
| २ | आरुघाट गा.पा. | २०७९/०२/०२ | २०७९/०३/०१ | |
| ३ | गण्डकी गा.पा. | २०७९/०२/०३ | २०७९/०३/०२ | |
| ४ | गोरखा न.पा. | २०७९/०२/०४ | २०७९/०३/०३ | |
| ५ | चुमनुब्री गा.पा. | २०७९/०२/०४ | २०७९/०३/०३ | |
| ६ | धार्चे गा.पा. | २०७९/०२/०३ | २०७९/०३/०२ | |
| ७ | पालुङ्टार न.पा. | २०७९/०२/०५ | २०७९/०३/०४ | |
| ८ | भिमसेनथापा गा.पा. | २०७९/०२/०२ | २०७९/०३/०१ | |
| ९ | बारपाक सुलिकोट गा.पा. | २०७९/०२/०४ | २०७९/०३/०३ | |
| १० | शहिद लखन गा.पा. | २०७९/०२/०२ | २०७९/०३/०१ | |
| ११ | सिरानचोक गा.पा. | २०७९/०२/०५ | २०७९/०३/०४ | |

.............................

टेक बहादुर कोइराला

जिल्ला निर्वाचन अधिकारी



Web: www.election.gov.np, Email: ec.deo36@gmail.com; deogorkha36@yahoo.com, Phone : 064-420796

अनुसूची-७०

(दफा १८० को उपदफा (१) संग सम्बन्धित)

**स्थानीय तह निर्वाचनमा उम्मेदवारले गर्न पाउने खर्चको हद (रुपैयाँमा)**

| क.सं. | खर्च शीर्षक | महानगरपालिका | | उपमहानगरपालिका | | नगरपालिका | | गाउँपलिका | | जिल्ला समन्वय समिति | | नगर कार्यपालिका गाउँ कार्यपालिका सदस्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रमुख, उपप्रमुख | वडा अध्यक्ष र वडा सदस्य महिला र दलित वा अल्पसङ्ख्यक सदस्य | प्रमुख, उपप्रमुख | वडा अध्यक्ष र वडा सदस्य महिला र दलित वा अल्पसङ्ख्यक सदस्य | प्रमुख, उपप्रमुख | वडा अध्यक्ष र वडा सदस्य महिला र दलित वा अल्पसङ्ख्यक सदस्य | अध्यक्ष, उपाध्यक्ष | वडा अध्यक्ष र वडा सदस्य महिला र दलित वा अल्पसङ्ख्यक सदस्य | प्रमुख, उपप्रमुख | सदस्य महिला र दलित वा अल्पसङ्ख्यक सदस्य | महिला, दलित र अल्पसङ्ख्यक समुदायबाट |
| १. | मतदाता नामावली खरिद | १,००० | ५०० | १,००० | ५०० | १,००० | ५०० | १,००० | ५०० | | | |
| २. | सवारी साधन/घोडा | १,५०,००० | ३०,००० | १,१०,००० | २०,००० | ९०,००० | १६,००० | ६०,००० | ११,००० | | | |
| ३. | सवारी इन्धन/दाना | ४०,००० | १५,००० | २६,००० | १५,००० | १९,००० | ११,००० | २०,००० | ५,००० | | | |
| ४. | प्रचार प्रसार सामग्री | १,००,००० | १००,००० | ८५,००० | ३५,००० | १००,००० | ७०,००० | ८०,००० | ६०,००० | | | |
| ५. | ढुवानी | २५,००० | १०,००० | १५,००० | ८,००० | १०,००० | ७,००० | ६,००० | ५,००० | | | |
| ६. | गोष्ठी/कार्यकर्ता परिचालन | १,३९,००० | ७५,००० | १,००,००० | ६५,००० | ८०,००० | ५१,००० | ८०,००० | ३२,००० | एकमुष्ठ ५०,००० | एकमुष्ठ २५,००० | एकमुष्ठ २५,००० |
| ७. | अन्य प्रचार प्रसार (छापा एवम् विद्युतीय माध्यम) | ९५,००० | २०,००० | १,००,००० | १५,००० | ६०,००० | १०,००० | ३०,००० | ७,००० | | | |
| ८. | कार्यालय सञ्चालन | १,००,००० | २०,००० | ४०,००० | ६७,००० | ३०,००० | १२,००० | १८,००० | १०,००० | | | |
| ९. | प्रतिनिधि परिचालन | ७५,००० | २५,००० | ६०,००० | २०,००० | ५०,००० | १८,००० | ४५,००० | १६,००० | | | |
| १०. | विविध | २५,००० | ४,५०० | १३,००० | ४,५०० | १०,००० | ४,५०० | १०,००० | ३,५०० | | | |
| | **जम्मा** | ७,५०,००० | ३,००,००० | ५,५०,००० | २,५०,००० | ४,५०,००० | २,००,००० | ३,५०,००० | १,५०,००० | ५०००० | २५,००० | २५,००० |

द्रष्टव्य:- मिति २०७८।१२।०७ को नेपाल राजपत्रमा प्रकाशित आयोगको सूचना बमोजिम राखिएको ।

अनुसूची–३०

(नियम ४० सँग सम्बन्धित)

निर्वाचन खर्च विवरण

श्री जिल्ला निर्वाचन कार्यालय,
गोरखा ।

गोरखा जिल्लाको .................................................. गाउँपालिका/ नगरपालिका वडा नं. ........ / गाउँ कार्यपालिका/ नगर कार्यपालिका/ जिल्ला समन्वय समितिको अध्यक्ष/ उपाध्यक्ष/ प्रमुख/ उपप्रमुख/ वडाध्यक्ष/ सदस्य/ महिला सदस्य/ दलित महिला सदस्य/ दलित वा अल्पसंख्यक सदस्य पदको लागि ............................................................... (उम्मेदवारको नाम, थर) उम्मेदवार भएकोमा सो सम्बन्धमा मैले/निज उमेदवारले गरेको सम्पूर्ण खर्चको विवरण स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४(२), स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० तथा आयोगद्धारा स्वीकृत निर्वाचन आचार संहिता बमोजिम प्रस्तुत गरेको छु । निर्वाचन खर्च विवरण तपशिल बमोजिम छः—

तपशिलः

| क्र.सं. | खर्च शीर्षक | कार्य परिणाम | खर्चको रकम | कैफियत |
|---|---|---|---|---|
| १ | मतदाता नामवली खरिद | | | |
| २ | सवारी साधन/घोडा | | | |
| ३ | सवारी इन्धन/दाना | | | |
| ४ | प्रचार प्रसार सामाग्री | | | |
| ५ | ढुवानी | | | |
| ६ | गोष्ठी/कार्यकर्ता परिचालन | | | |
| ७ | अन्य प्रचार प्रसार, छापा एवं विद्दुतीय माध्यम | | | |
| ८ | कार्यालय सञ्चालन | | | |
| ९ | प्रतिनिधि परिचालन | | | |
| १० | विविध | | | |
| | कुल जम्मा | | | |

सहिछापः ..............................................

नामथरः ..............................................

मितिः ..............................................

उम्मेदवार/निर्वाचन प्रतिनिधिः ....................

उम्मेदवारी दिएको पदः ............................

सम्पर्क नं. ..........................................